# थाक र थकाली जाति

मुकुन्द भण्डारी

उप-प्राध्यापक

रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी

E-Mail : mukundagulmi@gmail.com

## शोध सार

थाक र थकाली जीतको पहिचान गर्न थाक र थकाली जाति नामक शीर्षकमा तयार गरिएको प्रस्तुत आलेख प्राथमिक, द्वितीयक र तृतीयक स्रोतबाट सामग्री संकलन गरी वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा तयार गरिएको छ। थकाली जाति कहाँबाट कहिले कसरी सातसय क्षेत्रमा बसोवास गर्न आए भनी खोजी गर्नु नै प्रमुख उद्देश्य हो। मुस्ताङ जिल्लाको थासाङ गाउँपालिकामा बसोबास गर्ने हिमाल पारि तिब्बतबाट आएका मंगोलियन मूलका आदिवासी जनजातिहरू नै थकाली हुन्। यिनीहरूको पितृ थलो थाक सातसय वा थाक खोला हो। न्यून जनसंख्या भएर पनि देशको शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल हुनु थकाली जातिको विशिष्टता हो। पहिलेदेखि नै थाक खोला क्षेत्रमा बसोवास गर्ने जातिलाई ढिमचन (शेरचन), च्योकी (गौचन), साल्की (तुलाचन) र प्हुर्की (भट्टचन) गरी परिचित गराउने प्रचलन रहेको छ। प्राचीन समयमा थाक खोला क्षेत्रमा दुईथरी थकाली थिए। मार्फाको ताम्रपत्रसहित अनेक पुराना लेखोटमा पुङ्ठी, थाग्सी वा पुन्तन थकाली भनेर स्पष्ट उल्लेख गरिएको छ। थकाली भन्ने परम्परा पर्वते मल्ल राजाको पालादेखि अर्थात लगभग ३०० वर्ष अघिदेखि नै चलेको हो। पुन्ड्याल थकालीको पहिलेको मूल थलो भएको ठाउँलाई पुन्डिग्युङ भनिन्छ। यस राजकूलमा जन्मेका सन्ततिलाई पुन्तन फोवेका नामले आजसम्म चिनिदै आएको छ। यिनैका सन्ततिलाई आज स्थानीय वासीले सली राजवंशका खानदानका रूपमा रहेको स्वीकार गरी हिराचन अन्तर्गतका प्याफोवे परिवारका रूपमा चित्रण गरेका छन्। विगत १० पुस्तादेखिका राजा र रानीका नाम र उनका चेली र ज्वाइँ समेतका नाम समेटिएका लिखत समेत अनुसन्धानका कममा फेला परेका छन्। यस म्हरफग-पुन्तन वा पुन्डी थकाली समुदायमा हिजो आज हिराचन , पन्नाचन, जुहारचन र लालचनलाई नामले चिनिने चार थरी थकाली छन्। दुवै थरी थकालीको आधार इलाका थाक र पाँच गाउँ वा युलङ भन्ने भौगोलिक स्थान

नै हो । यस क्षेत्रका आदिवासी जनजातिहरूले एउटै भौगोलिक क्षेत्रमा पहिचान बनाएका वा एकै नामको दावी गर्ने साझा चिनारी जस्तो थकाली थर नाम प्रयोग गर्दै आएका छन् ।

शब्द कुञ्जी : *थाक, खोप्चेन, जोङ्काइ, गारावजोङ, म्हरस्याङक्यु, सङिनरहयूङिन, पुन्डिरयुङ ।*

## विषय प्रवेश

धवलागिरि र नीलगिरि हिमालको बिचमा कालीगण्डकीको काखमा रहेको थासाङ गाउँपालिकामा हिमाल पारि तिब्बतबाट आएका मंगोल जातिका मानिसहरू बसोवास गर्दछन् । थाक सातसय क्षेत्रमा बसोबास गर्ने आदिवासी थकाली जातिको बारेमा भए गरेका अध्ययन अनुसन्धानलाई आधार मानी प्रस्तुत आलेख तयार गरिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार थकाली जातिको जनसंख्या १३,०८८ रहेको छ । छनबहादुर भट्टचनले वि.सं. २०७७ मा ४ प्ह्या अन्तर्गतका ४० क्ह्यूहरूको २,३५१ घरधुरीबाट संकलन गरेको जनसंख्या ११,७५५ रहेको छ । थकाली जातिको जनसंख्या दिनप्रतिदिन घट्दो क्रममा रहेको पाइन्छ । जनगणना २०७८ अनुसार थकाली जातिको जनसंख्या ११,७४१ रहेको देखिन्छ । न्यून जनसंख्या भएर पनि देशको शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल हुनु थकाली जातिको विशिष्टता हो । सबै जातजातिको आ -आफ्नै मूल थलो हुन्छ । मुस्ताङ जिल्लाको दक्षिण भेकमा अवस्थित थाकखोला थकाली जातिको पितृ थलो हो । जोङकाइ (ठिनी) मा रहेको अभिलेखका आधारमा थाक खोलाको प्राचीन नाम वि.स.१५८९ सम्म थाक खोप्चेन थियो । थाकखोला टुकुचेको वस्ती नजिकै पश्चिम तर्फबाट कालीगण्डकीमा मिसिन आएको खोला हो । आजभन्दा करिव ३५७ वर्ष पहिले हंसराजा नाम गरेका भूरेराजाको इतिहाससँग सम्बन्धित थापा खोला नै हालको थाक खोला हो । हंसराजाका शक्तिशाली मन्त्री थापा थरका व्यक्ति थिए । उनको मृत्यु पछि थापाले थाक खोप्चेनको गौरव राखेको हुनाले उनकै नामबाट थापा खोला नामाङ्करण भएको थियो । समयको अन्तरालमा थापा शब्द अपभ्रंश भई थाक हुन गई थाक खोला भएको हो भन्ने किवंदन्ति रहेको छ । थाक सातसय र ठिनी पाँच गाउँ तथा काग बाह्रगाउँ राणाकालीन समयमा पनि प्रसिद्ध थिए ।

थकाली जातिको पौराणिक ग्रन्थ ह्रव हो । यो ग्रन्थ बाह्र वर्षे मेला (ल्हफेव) मा मात्र थकाली जातिका चार पाँडेहरूले वाचन गर्दछन् । ह्रवमा उल्लेख भए अनुसार श्रद्धेय पूर्खाहरू पश्चिमबाट पूर्वतर्फ आउने क्रममा च्योकीले दोहोरा धार भएको तरवार, साल्कीले बन्चरो र थेवे, टहिम्चनले टुकटुके घन र फ्हुर्कीले कुटो र सबैले धनुषवाण लिएर आएका थिए । प्राकृतिक सम्पदा र देवीको वासस्थानको खोजीमा निस्केका थकालीहरूका चार पुर्खाले जुम्लाको सिंजामा आई कृषि योग्य भूमि र रमणीय उपत्यकाको मध्य भागमा रहेको रक्त चन्दनको रुखमा आड लगाई आफ्ना हतियार राखे ।

उक्त हतियार राखेको ठाउँमा बिहान साँझ धूप बत्ती बाली पूजाआजा गरेर चार पूर्खा त्यहाँ कृषि र पशुपालन गरेर बसेका थिए। स्थानीय बासीले रक्त चन्दनको रुख काटेपछि बाँकी रहेका रक्त चन्दनको रुखका चार वटा हाँगाहरू पनि सुक्दै गए। उक्त रक्त चन्दनको रुखको उत्तरतर्फ फर्किएको हाँगाबाट कालो चरा उत्पन्न भई फ्हुर्कीका पूर्खा पाउकुतीले समातेको मिङ्तो (कुटो) छोएर उत्तरतिर कैलाश पर्वतको मानसरोवर देवस्थलतिर उडेको चार पूर्खाले प्रत्यक्ष देखेछन्। त्यसैगरी केही समय पछि पूर्वतिर फर्किएको हाँगोबाट रातो, हरियो र सेतो चरा उत्पत्ति भई च्योकी, साल्की र ट्हिम्चनका पूर्खाहरूका अस्त्र छोएर पूर्वतिर धवलागिरि हिमालको चुचुरोसम्म पुगेको चार पूर्खाले प्रत्यक्ष देखेछन्। ती चराहरू उत्तर र पूर्वतर्फ उडे पछि पूर्खाहरूको कृषि र पशु व्यवसायमा ह्रास आउँदै गएछ। जसले गर्दा थकाली जातिका पुर्खाहरूले आ–आफ्नो अस्त्र र धनुषवाण लिएर कालो चरा उडको दिशातर्फ पाउकुती र पूर्व दिशातर्फ तीन पुर्खा लागेछन्। पूर्व र उत्तर लागेका पूर्खाहरू चोखोपानी (म्हरस्याङक्यू)मा भेट भएछन्। केही समयको अन्तरालमा पाउकुती धूप बत्ती नगरी जंगलमा शिकार खेल्न गएपछि तत्कालै मेघ गर्जन भै पानी परेछ र बाटो पत्ता लगाउन सकेनछन्। पाउकुती म्हरस्याङक्यू नआएका कारण तीन पुर्खा पाउकुतीको खोजीमा दक्षिणतर्फ गएछन्। उनीहरूले स्थानीय बासीलाई देवभूमि जाने बाटो सोध्दा जतातत्तै जाउ भनेको हुनाले पहिलेकै बाटो फर्किदा तीन पुर्खाको भेट सङिनग्हयूङिन भन्ने ठाउँमा भएछ। सबै पूर्खाले हावा, पानी, माटो र ढुङ्गा परीक्षण गर्दै फ्होचोमा आउने क्रममा कालापानीको पानी अन्य क्षेत्रको पानीको तौलभन्दा गह्रौं भएको महशुस गरेछन्। त्यहाँ उनीहरूले आ–आफ्ना अस्त्र पानीमा डुवाउँदा पुर्खा सम्लिढेन सम्लिचाङको अस्त्र नम्च्यातरीलाई पानीले आकर्षण गरेछ। त्यसपछि पुर्खा सम्त्लिढेन सम्लिचाङको समूहले फ्होचोमा बस्ने निर्णय गरे। एवम् प्रकारले पुर्खा अनिऐरम् च्योकीको समूह नर्खुङ सोम्पिस, पुर्खा ढाक्पा क्हेल्च्याङको समूह नर्साङ, पुर्खा पाउकुतीको समूह सलमव्यासी (कोवाङ) बसे। चट्टीटुप भनी एघार टोला अर्न्तगत कोवाङ, खन्ती, सौरु र टुकुचे चार गाउँका लागि तीन मुखिया रहेका थिए। फ्हेटुप आठ टोलामा लारजुङ, नाकुम् , भुर्जुङकोट र नाफ्रुङकोट गरी चार गाउँहरू रहेका छन्। ढुटुप छ टोला अन्तर्गत धम्पु, टिटि, ताउलुङ, कोन्ज, लेते र घाँस गरी छ गाउँहरू पर्दछन्। यसै इलाकाको प्रसिद्ध थाक नामबाट यस क्षेत्रमा बसोवास गर्ने मानव समुदायको नाम थकाली रहन गएको हो।

खासगरी पहिलेदेखि नै मुस्ताङ जिल्लाको थाक खोला क्षेत्रको टुकुचेदेखि तल लेते र घाँससम्मको क्षेत्रमा बसोवास गर्ने जातिलाई ट्हिम्चन (शेरचन), च्योकी (गौचन), साल्की (तुलाचन) र फ्हुर्की (भट्टचन) गरी परिचित गराउने प्रचलन रहेको छ। प्राचीन समयमा थाक खोला क्षेत्रमा दुईथरी थकाली थिए। मार्फाको ताम्रपत्रसहित अनेक पुराना लेखोटमा पुङ्ठी, थाग्सी वा पुन्तन थकाली भनेर स्पष्ट उल्लेख गरिएको छ। थकाली भन्ने परम्परा पर्वते मल्ल राजाको पालादेखि अर्थात लगभग ३०० वर्ष अघिदेखि नै चलेको हो। पुन्ड्याल थकालीको पहिलेको मूल थलो भएको ठाउँलाई पुन्डिग्युङ भनिन्छ। यस राजकूलमा जन्मेका सन्ततिलाई पुन्तन फोवेका नामले आजसम्म चिनिदै आएको छ।

यिनैका सन्ततिलाई आज स्थानीय वासीले सली राजवंशका खानदानका रूपमा रहेको स्वीकार गरी हिराचन अन्तर्गतका प्याफोवे परिवारका रूपमा चित्रण गरेका छन् । विगत १० पुस्तादेखिका राजा र रानीका नाम र उनका चेली र ज्वाइँ समेतका नाम समेटिएका लिखत समेत अनुसन्धानका क्रममा फेला परेका छन् । यस म्हरफग-पुन्तन वा पुन्डी थकाली समुदायमा हिजो आज हिराचन , पन्नाचन, जुहारचन र लालचनलाई नामले चिनिने चार थरी थकाली छन् । दुवै थरी थकालीको आधार इलाका थाक र पाँच गाउँ वा युलङ भन्ने भौगोलिक स्थान नै हो । यस क्षेत्रका आदिवासी जनजातिहरूले एउटै भौगोलिक क्षेत्रमा पहिचान बनाएका वा एकै नामको दावी गर्ने साझा चिनारीका रूपमा थकाली थर नाम प्रयोग गर्दै आएका छन् । पहिचानको क्रममा थकाली थर उपयोग गर्ने समुदाय बिचमै हामी खास थकाली हौं उ नाम मात्रको थकाली हो भन्ने धारणा समेत रहेको छ । यसै परिप्रेक्ष्यमा सबैभन्दा पहिले थाक खोला नामाकरण कसरी भयो ? थकाली को हुन ? आदि समस्यामा केन्द्रित भई थासाङ गाउँपालिकाभित्र रहेका विभिन्न ठाउँलाई सिमाङ्कन गरिएको अनुसन्धानमूलक आलेखका उद्देश्यहरू निम्न छन् :

क. थाक खोलाको पहिचान गर्नु

ख. थकाली जातिको खोजी गर्नु

नेपाल बहुजातीय बहुसांस्कृतिक मुलुक हो । यहाँ विभिन्न किसिमका जातजातिका मानिसहरू बसोबास गर्दछन् । थासाङ गाउँपालिकामा हिमाल पारि तिब्बतबाट आएका मंगोल जातिका मानिसहरू बसोवास गर्दछन् । यस भौगोलिक क्षेत्रभित्रको कुन समुदायलाई थकाली मान्ने परम्पराको प्रारम्भ भएको हो ? एउटै नामको साझा थर थकाली किन र के को आधारमा विकसित भयो ? थकाली शब्द दुई वा सोभन्दा धेरै किसिमको समुदायसँग आवद्ध किन भएको हो भन्ने विषयमा निरूपण गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । पछिल्लो समयमा थाक खोलामा विभिन्न कामको सिलसिलामा आएका गैर थकालीहरूले समेत थासाङ थकाली भन्न शुरु गरेपछि यो विषय थप अनुसन्धेय बनेको छ ।

## २. अध्ययन विधि र प्रक्रिया :

जस्तो सुकै अध्ययनलाई उद्देश्यपूर्ण ढंगले सम्पन्न गर्नका निम्ति विषयवस्तु अनुसार विभिन्न तौरतरिकाहरू अवलम्बन गरिन्छ, त्यसैलाई अध्ययन विधि भनिन्छ । प्रस्तुत आलेख तयार गर्दा प्राथमिक तथा द्वितीयक र तृतीयक श्रोतको उपयोग गरिएको छ । थासाङ गाउँपालिका अन्तर्गत पर्ने साविक टुकुचे, खन्ती, लार्जुङ्ग, कोवाङ, लेते र घाँसा आदि क्षेत्रमा बसोवास गदै आएका आदिवासी जनजातिलाई आधार बनाइएको छ । यहाँको मानिसहरूको व्यक्ति सर्म्पकका माध्यमबाट थाक र

थकालीहरूको बारेमा सामग्री संकलन गरेर प्रारम्भिक कार्य पूरा गरिएको हो । द्वितीयक श्रोतको रूपमा विभिन्न विद्वानहरूद्वारा थकाली जाति र संस्कृतिका बारेमा लेखिएका विभिन्न लेख रचनाहरू, विद्वानहरूका लेख रचनाहरू र विभिन्न अनुसन्धात्मक पुस्तकहरू आदि सन्दर्भ ग्रन्थको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धानमूलक आलेख वर्णनात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## ३. परिणाम

थासाङ गाउँपालिकामा बसोबास गर्ने आदिबासी जनजातिहरू मंगोल जातिका मानिसहरू हुन् । न्यून जनसंख्या भएर पनि देशको शैक्षिक, सामाजिक, आर्थिक, राजनैतिक र धार्मिक क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल हुनु थकाली जातीय विशिष्टता हो । सबै जातजातिको आ -आफ्नै मूल थलो हुन्छ । मुस्ताङ जिल्लाको दक्षिण भेकमा अवस्थित थाकखोला थकाली जातिको पितृ थलो हो । जोङकाइ (ठिनी) मा रहेको अभिलेखका आधारमा थाक खोलाको प्राचीन नाम वि.स.१५८९ सम्म थाक खोप्चेन थियो । थकाली जातिको पौराणिक ग्रन्थ ह्रव हो । यो ग्रन्थ बाह्र वर्षे मेला (ल्हफेव) मा मात्र थकाली जातिका चार पाँडेहरूले वाचन गर्दछन् । ह्रवमा उल्लेख भए अनुसार चार चनका श्रद्धेय पूर्खाहरू च्योकी, साल्की, टहिम्चन र प्हुर्की रहेका छन् । खासगरी पहिलेदेखि नै मुस्ताङ जिल्लाको थाक खोला क्षेत्रको टुकुचे र सोभन्दा तल लेते र घाँससम्मको क्षेत्रमा बसोवास गर्ने जातिलाई टहिम्चन (शेरचन), च्योकी (गौचन), साल्की (तुलाचन) र प्हुर्की (भट्टचन) भनी परिचित गराउने प्रचलन रहेको छ ।

प्राचीन समयमा थाक खोला क्षेत्रमा दुईथरी थकाली थिए । मार्फाको ताम्रपत्रसहित अनेक पुराना लेखोटमा पुङ्ठी, थाग्सी वा पुन्तन थकाली भनेर स्पष्ट उल्लेख गरिएको छ । थकाली भन्ने परम्परा पर्वते मल्ल राजाको पालादेखि अर्थात लगभग ३०० वर्ष अघिदेखि नै चलेको हो । पुन्ड्याल थकालीको पहिलेको मूल थलो भएको ठाउँलाई पुन्डिग्युङ भनिन्छ । यस राजकूलमा जन्मेका सन्ततिलाई पुन्तन फोवेका नामले आजसम्म चिनिदै आएको छ । यिनैका सन्ततिलाई आज स्थानीय वासीले सली राजवंशका खानदानका रूपमा रहेको स्वीकार गरी हिराचन अन्तर्गतका प्याफोवे परिवारका रूपमा चित्रण गरेका छन् । विगत १० पुस्तादेखिका राजा र रानीका नाम र उनका चेली र ज्वाइँ समेतका नाम समेटिएका लिखत समेत अनुसन्धानका क्रममा फेला परेका छन् । यस म्हरफग-पुन्तन वा पुन्डी थकाली समुदायमा हिजो आज हिराचन , पन्नाचन, जुहारचन र लालचनलाई नामले चिनिने चार थरी थकाली छन् । दुवै थरी थकालीको आधार इलाका थाक र पाँच गाउँ वा युलङ भन्ने भौगोलिक स्थान नै हो । यस क्षेत्रका आदिवासी जनजातिहरूले एउटै भौगोलिक क्षेत्रमा पहिचान बनाएका वा एकै नामको दावी गर्ने साझा चिनारी जस्तो थकाली थर नाम प्रयोग गर्दै आएका छन् ।

पहिचानको क्रममा थकाली थर उपयोग गर्ने समुदाय बिचमै हामी खास थकाली हौं उ नाम मात्रको थकाली हो भन्ने धारणा समेत रहेको छ ।

## ४. छलफल :

यस अनुसन्धानमूलक आलेखमा थाक खोला र थकाली जातिको पहिचान प्रस्तुत गरिएको छ ।

### ४.१ थाक खोला

जोङकाइ (ठिनी) मा रहेको अभिलेखका आधारमा थाक खोलाको प्राचीन नाम वि.स.१५८९ सम्म थाक खोप्चेन थियो । थाक खोला टुकुचेको वस्ती नजिकै पश्चिम तर्फबाट कालीगण्डकीमा मिसिन आएको खोला हो । आजभन्दा करिव ३५७ वर्ष पहिले हंसराजा नाम गरेका भूरेराजाको इतिहाससँग सम्बन्धित थापा खोला नै हालको थाक खोला हो । हंसराजाका शक्तिशाली मन्त्री थापा थरका व्यक्ति थिए । उनको मृत्यु पछि थापाले थाक खोप्चेनको गौरव राखेको हुनाले उनकै नामबाट थापा खोला नामाङ्करण गरिएको थियो । समयको अन्तरालमा थापा शब्द अपभ्रंश भई थाक हुन गई थाक खोला भएको हो भन्ने किवंदन्ति रहेको छ । थाक सातसय र ठिनी पाँच गाउँ तथा काग बाह्रगाउँ राणाकालीन समयमा पनि प्रसिद्ध थिए ।

तिब्बती भाषामा थग शब्दको अर्थ सीमान्त प्रदेश हुने भएकाले यस क्षेत्रका शासकलाई सम्बोधन गरिने नाम खोव-चेन थियो । जुन वास्तविक नाम नभई भौगोलिक अवस्थितिसँग सम्बन्धित रहेको छ । तिब्बती शब्द खोव-चेनको अर्थ मूल केन्द्रबाट टाढा, मूल संस्कृति र सम्यताको पहुँच पुग्न कठिन भन्ने हुन्छ भने था को अर्थ सीमान्त प्रदेश हुने भएकाले थाक क्षेत्रलाई दुर्गम प्रदेश मानिन्थ्यो । तिब्बती भाषामा ढु राज्यको उत्तरतर्फ र प्राचीन था - शेरिव तथा भोट सम्यता र संस्कृतिको दक्षिणको सीमान्त क्षेत्रका रूपमा थाक इलाकालाई मान्न सकिने कुरा स्पष्ट पारिएको छ । कागबेनीको दक्षिणमा कालीगण्डकीको बगर र बहावको स्थिति भिन्न देखिने तथा भोट तर्फबाट सीमान्त मानिएको पूरै क्षेत्र थाक इलाका भरि लेतेसम्म फैलिएको क्षेत्रलाई स्थानीय बासीले आफ्नो भाषामा थाक र पर्वते बोलीको खोला मिलाएर थाकखोला भनेका हुन् । छन भट्टचनका अनुसार थाक सातसयको सिमाना उत्तरमा काली ओडार र गुराँसे डाँडा तथा ट्हम्चेन डाँडा , दक्षिणमा चिमखोलाको धुरी, दक्षिण पश्चिममा पहिराको थाप्लाको देउराली, बाँदरजुङ भिर, तुरतुरे पानी पूर्वमा मिस्त्री खोला र रक्ति ओडार र पश्चिममा सुरती चलाउने देउरालीसम्मको क्षेत्र हो । उक्त चार किल्ला भित्रको भू-भाग परापूर्व कालदेखि सातसय वा थाक खोलाको नामबाट परिचित छ । यससम्वन्धी अनुसन्धानमा अन्य सत्यताको नजिक धेरै पुग्न पुराना अभिलेखमा थाक खोप्चेन भन्ने शब्दको प्रयोग भएको देखिएकोले उल्लेखित शब्दसँग जोडिएको खोप्चेन भन्ने शब्द हटाई थाक भन्ने शब्द मात्र लिई खोला भन्ने शब्द

जोडी थाक खोला र यसमा बस्ने मानिसलाई थकाली शब्दको प्रयोग चलन चल्तीमा आयो (क्षेत्री, २०४४ पृ २३१-२३४) ।

**४.२.थकाली शब्दको व्युत्पत्ति**

विभिन्न विद्वान अनुसन्धाताहरूका अनुसार थाक खोलालाई पितृ थलो मान्ने जातिलाई थकाली भनिन्छ । थकालीहरूले आफूलाई सिंजाली घराना ठकुरी हौं । हाम्रा पुर्खा सिंजाबाट थाक खोला आएका राजकुमार हंसराजा र ठिनीकी ङ्हिमा रानीबाट जन्मेका सन्तान हुन भन्ने दाबी गरेका छन् । थापा खोलाको किनारमा बस्ती बसालेकाले त्यस क्षेत्रमा बस्ने स्थानीय बासीले उनीहरूलाई थापाली भन्दै जाँदा थापाली शब्दको परिवर्तित रूप थकाली बनेको हो भन्ने भनाई पनि रहेको छ । थकाली सन्र्दभमा विभिन्न मत रहेका छन् :

१. मुस्ताङ क्षेत्रमा बस्न पुगेका ठकुरीलाई उनीहरू ठकुरी वा थकाली भन्दथे । ठकुरीबाट थकुली अनि थकाली भएको तर्कमा दम छ (शर्मा, २०७१ पृ २६१) । क्षेत्रगत आधारमा थकालीलाई परिभाषित गरिएको छ ।

२. थापा खोलामा बसोबास भएकै कारण यिनीहरूको थकाली नामाकरण भएको हो (पाण्डेय, २०६१ पृ ३९) । स्थान विशेषका आधारमा थकाली शब्दको परिचय दिइएको छ ।

३. थकाली थाक < टाक=टाउको+आली बाट थकाली भएको हो (पोखरेल (सं),२०५५ पृ ६१६) । थकाली शब्दलाई व्युत्पत्तिगत अर्थ्याइएको छ ।

४. व्यापारिक सफलताले गर्दा सम्पत्ति, इज्यत र प्रतिष्ठा कमाउन थालेपछि यो थकाली नाम पन्छाउन कोसिस गरे पनि नसकिने गरी झन्झन स्थायी रूपले प्रसिद्ध हुँदै गयो । नत्र उहिलेदेखि आपसमा ५. कुरा गर्दा हाम्रो जातलाई तामाङ भन्ने चलन पनि बसेको हो (गौचन, २०४९ पृ १६) । थकाली शब्दलाई ऐतिहासिक आधारमा स्पष्ट बनाउने प्रयास गरिएको छ ।

६. धार्मिक, सामाजिक तथा आर्थिक पृष्ठभूमि भएका आफ्नै गोडाको भरले उभिएको जात हुनाले थकाली शब्द नै ज्यादै चल्तीमा आइसकेको छ (विष्ट, २०७४ पृ ७५) । यहाँ पहिचानका आधारमा थकाली शब्दलाई स्पष्ट बनाउने  कोशिस गरिएको छ ।

७. मानवशास्त्रीहरूले थकालीलाई तामाङ भनी उल्लेख गरेको पाइन्छ (प्रभात, २०७० पृ २) । जातीय सवोच्वताको आधारलाई अनुशरण गर्ने प्रयास गरिएको छ ।

८. मुस्ताङ जिल्लाको थाक खोला क्षेत्रलाई पितृ थलो मान्ने जातिलाई थकाली भनिन्छ । भौगोलिक क्षेत्र विशेषको आधारमा थकालीहरूको पहिचान गरिएको छ ।

उपर्युक्त तथ्यका आधारमा थकालीहरू मुस्ताङ क्षेत्रमा प्रवेश गरेपछि आफ्नो सभ्यता र संस्कृतिको विकास गरे । धार्मिक, सामाजिक र आर्थिकरूपमा आफूलाई आत्मनिर्भर बनाउन सफल भए । कुनै समयमा सिंजाका राजकुमार थाक खोला क्षेत्रको ठिनीमा बसोबास गर्न आएका र त्यहाँकी एक ठिन्याल्नीपट्टिबाट जन्मेका सन्तान नै थकालीहरूका पूर्वज थिए भन्ने कथा प्रचलित छ । थकालीका यी पूर्वजले थापा खोलाको किनारमा वस्ती बसालेकाले तिनलाई वरिपरिका मानिसहरूले थापाली भन्न लागे र यसैको परिवर्तित रूप थकाली हुन गएको अडकल गर्नेहरू पनि छन् (सूचना विभाग,२०३२ पृ ५२६) । थकाली जातिका चार पुर्खा थासाङका विभिन्न ठाउँहरूमा बसोबास गरेका कारणले थकाली जातिले थाक सतसय थासाङलाई आफ्नो ऐतिहासिक थातथलोको रूपमा मान्दै आएका छन् (शेरचन, २०७० पृ ६४)।

**४.३ हंस राजा र ङ्हिमा रानी**

अधिकांश बुद्धिजीवी थकालीहरूले आफूहरू सिंजाका राजकुमार हंसराजा र ठिनीकी राजकुमारी ङ्हिमा रानीका सन्तति भनी गर्दै आएको दाबीलाई पुष्टि गर्न ओमकारप्रसाद गौचन (२०३७) ले थाकमा हंसराजाको शासन थियो भन्ने प्रमाण चिम गाउँमा प्राप्त एउटा ऐतिहासिक महत्वको कागजको प्रतिलिपि खाङ्लोमा प्रकाशित गरेका छन् (भट्टचन, २०७० पृ १४५) । थाक खोलालाई पितृ थलो मान्ने चार चन (शेरचन, गौचन, तुलाचन र भट्टचन) का अनुसार जुम्लाको सिंजाबाट थाक आउँदाका मूल पुरुष हंसराजा ठकुरी जातिका हुन् । यिनले जोङकाइका राजा सोम्पे भन्नेकी छोरी ङ्हिमा रानीसँग विवाह गरे । हंसराजा र ङ्हिमा रानीका सन्तति नै हाल थाक खोला बस्ने चार थरका थकाली हुन् । यिनीहरूले जन्म र मृत्यु संस्कार तथा अन्य शुभकार्यमा आफ्ना मूल पुरुषको नाम लिई पुर्खाको सम्झनामा पश्चिम तर्फ फर्केर कार्य प्रारम्भ गर्दछन् । हंसराजा थाक खोप्चेनका ठकुरी जातिका राजा हुनाले उनका सन्ततिले परम्परादेखि नै नामको अगाडी चन लेख्दै आएका छन् । ठिनीमा रहेको अभिलेखमा थाक खोप्चेनमा हंसराजा र ङ्हिमा रानी भन्ने महिला भएको उल्लेख गरे तापनि यी दुई बिचमा वैवाहिक सम्बन्धका बारेमा उल्लेख गरिएको छैन । ङ्हिमा रानी राजा सोम्पेको छोरी भएको हालसम्म पुष्टि हुन सकेको छैन । ठिनीका राजा थेकरचेनको समयमा हंसराजा र ङ्हिमा रानीका बिचमा सीमा विवादमाथि छलफल गरी सम्झौता भएको कुरा अभिलेखबाट प्राप्त गर्न सकिन्छ । ठिनीका राजा घेलथेकरचेनका राजाकी छोरी ङ्हिमा रानी र हंसराजा बिच वैवाहिक सम्बन्ध भएको भए सीमासम्बन्धी छलफलमा आ-आफ्नो प्रदेशको प्रतिनिधित्व हुने थिएन होला (क्षेत्र, २०४० पृ २४०-२४२) ।

थकाली सभ्यता र संस्कृतिको विकास थाक खोलाबाट भएको हो । यहाँ झण्डै ४०० वर्ष पहिले हंसराजा नाम गरेका प्रतापी राजाले राज्य गरेका थिए । यिनी पश्चिम सिंजाबाट आएका हुन् भन्ने किंवदन्ती पाइन्छ । थकाली संस्कृति पितृ पूजक संस्कृति भएकाले शुभ कार्य गर्दा वा आशिर्वाद

पितृको नाम स्मरण गर्दछन् । खे हंसराज र मोम ङ्हिमा रानी भनी पितृ स्मरण गरिएको तथ्यलाई थकाली संस्कृतिमा महत्वपूर्ण मानिन्छ । कैलाश नामक अंग्रेजी पत्रिकामा नन्दबहादुर गौचन र माइकल भिन्डीङले थकालीहरूको धार्मिक ग्रन्थ ह्रवलाई अंग्रेजीमा रूपान्तरण गरी प्रकाशन गर्दा शेरचनको ह्रवमा हंसराजालाई जोडी टुकुचेको राजा भनेको पाइन्छ । हंस राजाका ४ वटी छोरी मात्र भएको र थाकवासी थाचन ४ बाजेहरूले आफ्ना १/१ छोरासँग विवाह गरी दिए त्यसबाट जन्मेका सन्ततिहरू नै थकाली हुन् । हंसराजालाई ४ बटै ह्रवमा व्याख्या नभई शेरचनको ह्रवमा मात्र जोड्नु र थकालीहरू हंसराजाका सन्तति हुन् भन्ने तथ्य नमिल्ने भएकाले विरोधाभास देखिन्छ । तथापि ठिनीका ४ चन जातिहरूले हंसराजा र ङ्हिमा रानीको गौरव गाथा र यात्रा वर्णन गर्ने भएकाले यी दुई बिचमा नभएको सम्बन्ध जोड्नु पर्ने आवश्यकता हुँदैनथ्यो होला भन्ने जिज्ञासा उत्पन्न भएको छ ।

धवलागिरि र नीलगिरि हिमालको बिचमा पर्ने कालीगण्डकीले बनाएको उपत्यकालाई टुकुचेदेखि घाससम्म (थाक सातसय), चिमाङदेखि जोमसोमसम्म (पाँचगाउँ), लुब्राङदेखि गोलिङसम्म ( बाह्रगाउँ) र गोलिङदेखि उत्तर (मुस्ताङ) गरी ४ भागमा विभाजन गरिएको पाइन्छ । यस क्षेत्रमा तिब्बती मूलका मानिसहरू बसोवास गर्दछन् । थाक सातसयका थकालीहरू बढी हिन्दूकरण भएकाले आफूलाई उच्च कोटिको ठान्दछन् । थाक सातसय र पाँच गाउँका बासिन्दाका बिच अत्यधिक मात्रमा भाषिक र साँस्कृतिक समानता पाइन्छ । थकालीहरूको वंशावलीमा उनीहरूका पुर्खा हंसराजा सिन्जाबाट बसाइँ सरेर आई ठिनी -पाँचगाउँ) की राजकुमारी ङ्हिमा रानीसँग बिहे गरेकाले घम्पुक्युदेखि दक्षिणपट्टिको जमिन उनले दाइजोमा पाएको कुरा उल्लेख छ (गुरुङ, २००९ पृ १६५)

**४.४.थकाली जाति**

वर्तमान समयसम्म आइपुग्दा स्वदेशी तथा विदेशी विद्वान अनुसन्धान कर्ता मानवशास्त्रीद्वारा गरिएका अनुसन्धानले थकालीहरूका पुर्खा भोटबाट आएको निष्कर्ष निकालेका छन् । तथापि थकालीहरूको इतिहासको अध्ययन अनुसन्धानमा यिनका पुर्खाका सम्बन्धमा भोटे पुर्खाको प्राक्कल्पना, ठकुरी पुर्खाको परिकल्पना, तामाङ पुर्खाको प्राक्कल्पना र वर्णशंकर प्राक्कल्पना गरी चार किसिमका विवादहरू देखापरेका छन् । अनुसन्धाताहरूले अगाडि सारेका प्रमाणहरूमा शारीरिक बनोट, भाषा र संस्कृतीकरण वा हिन्दूकरणको प्रयासलाई आधार बनाएको छ । कुनै पनि जनजातिहरूको जैविकीय र प्रागैतिहासिक अनुसन्धान भएको पाइँदैन । यद्यपि केही मानवशास्त्रीहरूका अनुसार जुम्लाका राजाहरू डोल्पा क्षेत्रका भोटे हुन सक्ने र पछि हिन्दू बनेको हुन सक्छन् भन्ने तर्क अगाडि सारेको पाइन्छ । यो प्रमाणित भएमा थकालीहरूको शारीरिक बनोट र उनीहरूले दाबी गर्दै आएको ठकुरी वंशसँग मेल खान्छ । त्यसैगरी अर्को प्रमाण थकालीहरूले आफ्ना पुर्खा तम्हाङ भन्ने र थकाली भाषा र तामाङ भाषा बिच धेरै समानता रहेको पाइन्छ । यसै सन्दर्भमा डा. हर्क गुरुङ (२०४९) भन्दछन् : गुरुङ तमु र थकाली तम्हाङ भएकाले दुवैको तामाङसँग सम्बन्ध रहेको छ । त्यसैगरी नरसिंह भक्त तुलाचन (

१९७६) का अनुसार थकालीहरू थाक खोला भेकका अन्य जनजातिहरू खास गरेर भोटे, मगर र तामाङहरूसँगको अन्तरजातीय बैवाहिक सम्बन्धबाट सिर्जना भएको वर्णशंकर हुन् । डेनिस मानवशास्त्री माइकल भिण्डीङका अनुसार थकालीहरूका पुर्खाहरू चीन, वर्मा र भारतको संगमस्थलबाट पश्चिमतर्फ बसाइँ सरेर तिब्बत हुँदै नेपाल तर्फ लागेका किराँतहरू मध्येका एक हुन् । मल्ल र गौचनले मिश्रित जातिको रूपमा हंसराजा र ङिहमा रानीको सन्तान भन्ने धारणा अघि सारेका छन् । तर थकालीको मूल ग्रन्थ ह्रवमा हंसराजाको सन्दर्भमा कहीं पनि उल्लेख नहुँदा हंसराजाको सन्तान भन्ने धारणा इतिहास सम्मत देखिन्न (प्रभात, २०७० पृ २ ) । थकालीका पूर्वजले थापा खोलाको किनारमा वस्ती बसालेकाले तिनलाई वरिपरिका मानिसहरूले थापाली भन्न लागे र यसैको परिवर्तित रूप थकाली हुन गएको अडकल गर्नेहरू पनि छन् (सूचना विभाग,२०३२ पृ ५२६) ।

थकालीहरू तिब्बतबाट आएका मंगोल जातिका मानिस हुन् । यिनका पुर्खा तामाङ थिए । यिनीहरूले थापा खोलाको किनारमा बस्ती बसालेको हुनाले स्थानीय जनताले थापाली भनेका हुन् । धेरै समयको अन्तरालमा थापाली शब्द परिवर्तित भई थकाली बनेको हो । यिनीहरू आदिबासी जनजातिहरू नै हुन् । थकाली सेवा समिति नेपालको विधान २०४९ तथा सामाजिक नियमावली २०६३ अनुसार थकाली भन्नाले थकालीहरूको संस्कृति, संस्कार र जीवनपद्धति अनुसार क्यहूले स्वीकार गरेको च्योकि, साल्की, टि्हम्चन र प्हूकी गरी चार प्ह्याहरूलाई जनाउँछ र यी प्ह्या अन्तर्गत ३८ वटा क्यहूहरू छन् । थकालीका पुर्खाहरू पश्चिम जुम्लाबाट थासाङका विभिन्न क्षेत्रमा आइ बसोबास गरेको हुनाले उनीहरूका पछिल्लो पुस्ताले पुर्खाहरूलाई देवताको रूपमा स्वीकार गरी सम्मान स्वरूप पश्चिम फर्केर शुभकार्य गर्ने परम्परा रहेको हुनाले हंसराजाको नाम जोडिएको हो । मुस्ताङ जिल्लाको दक्षिण भेकमा रहेको थासाङ गाउँपालिका (थाक सातसय वा थाक खोला ) का आदिवासी जनजातिहरू नै थकाली हुन् । थकाली जातिले आफूलाई ४ बाजेका सन्तानको रूपमा मान्दै आएका छन् (शेरचन, २०७० पृ ६३) ।

ऐतिहासिक दस्तावेजका आधारमा खोव-चेनका राजाको नाम हाङ्साही ग्याल्पो थियो । उनको विवाह ङिहमा नामकी गारावजोङका मूल शासक थोकर चेन नामका थिङ राजाकी छोरीसँग भएको थियो । गावारजोङका थिङ राजाले हाङ्सा ग्याल्पो र छोरीलाई दाइजोको रूपमा दोसुमको डाँडोभन्दा तलको सीमान्त प्रदेश अधिकार सहित सुम्पेका थिए । यिनै हाङ्सा राजा र उनका सन्तानलाई तमाङसे भन्ने कुरा केही दस्तावेजमा फेला परेको छन् । खोव-चेनका राजा हाङ्सा ग्याल्पोलाई प्राचीन शेरिवका शेक्ये भाषा परिवारका वंशजका रूपमा लिइन्छ । ऐतिहासिक लिखतका आधारमा खोव -चनेहरूको वंशपूर्खा शेरिवपासँग जोडिएको र सुम्पो गरव-पाको मूल थलो तिब्बतको मिन्दालिङतर्फ भएको पुष्टि हुन्छ । गारावजोङ्मा १६ औं शताब्दीतिर थोकरचेन ग्याल्पो थिङ राजवंशको पहिलो राजा भएका थिए । यिनको शेक्ये भाषासँग धेरै समानता रहेको छ । त्यसैगरी अन्य चालचलन पनि मिल्ने तथा खोव -

चेन थवा वा थकालीलाई तमाङ्से भनिएको छ । शेक्ये भाषा बोल्ने शेरिवपासँग खोव-चेनपा थकालीको वंश सम्बन्ध रहेको देखिन्छ ।

प्राचीन समयमा थाक खोला क्षेत्रमा दुईथरी थकाली थिए । मार्फाको ताम्रपत्रसहित अनेक पुराना लेखोटमा पुङ्ठी, थाग्सी वा पुन्तन थकाली भनेर स्पष्ट उल्लेख गरिएको छ । थकाली भन्ने परम्परा पर्वते मल्ल राजाको पालादेखि अर्थात लगभग ३०० वर्ष अघिदेखि नै चलेको भएको पाइएको छ (ढुङ्गेल, २०७३, चैत्र २०) । पुन्ड्याल थकालीको पहिलेको मूल थलो भएको ठाउँलाई पुन्डिग्युङ भनिन्छ । यस राजकूलमा जन्मेका सन्ततिलाई पुन्तन फोवेका नामले आजसम्म चिनिदै आएको छ । यिनैका सन्ततिलाई आज स्थानीय वासीले सली राजवंशका खानदानका रूपमा रहेको स्वीकार गरी हिराचन अन्तर्गतका प्याफोवे परिवारका रूपमा चित्रण गरेका छन् । विगत १० पुस्तादेखिका राजा र रानीका नाम र उनका चेली र ज्वाइँ समेतका नाम समेटिएका लिखत समेत अनुसन्धानका क्रममा फेला परेका छन् । यस म्हरफग-पुन्तन वा पुन्डी थकाली समुदायमा हिजो आज हिराचन (पुन्तन वा राज फोवे), पन्नाचन (ल्हम वा झाँकी फोवे / गुम्ली च्याङवो¬) , जुहारचन (गुम्ली फोवे वा गुम्ली थोवो) र लालचनलाई (ह्रोतन फोर्वे) का नामले चिनिने चार थरी थकाली छन् (ढुङ्गेल, २०७३, चैत्र २०) ।

ज्योति भट्टचनका अनुसार राणाकालीन समयमा वि. सं. १९१२/१३ मा तिव्बतसँगको युद्धमा कालु थकालीले गरेको योगदानको प्रशंसा गर्दै श्री ३ महाराज जंगबहादुर राणाले उनलाई सुब्बा पदवी दिए । त्यसपछि शक्तिकेन्द्र र मुस्ताङका थकालीहरूका बिचमा समधुर सम्बन्ध स्थापना भएका कारण भन्सार र तामा खानीको ठेक्का प्राप्त गरी थकालीहरू शक्तिशाली बन्ने अवसर पाए । भन्सार असुली, नून र अन्न सटहीको केन्द्रको रूपमा विकसित टुकुचे थकाली जातिको सभ्यताको केन्द्रको रूपमा विकसित हुन पुग्यो । यसै समयदेखि हिन्दू धर्म, संस्कृति, अंग्रेजी शिक्षा र सभ्यतासँग परिचित हुन पुगे । जसको फलस्वरूप थकालीबाट सन्तुष्ट नभई आफ्ना च्योकी, साल्की टि्हम्चन र प्हूर्की थरहरूलाई वि.सं. १९६३ गौचन, तुलाचन, शेरचन र भट्टचनमा नेपालीमा रूपान्तरण गर्न पुगे । पुराना ऐतिहासिक दस्तावेज केलाउँदा वि.सं. १९६३ बैशाखसम्मका कागजातमा थकाली मात्र लेखेको पाइन्छ । सोही वर्ष मङ्सिर पछिको कागजमा गौचन, तुलाचन, शेरचन र भट्टचन थरहरू लेखेको पाइयो । त्यसैले बैशाखदेखि मङ्सिरसम्मको अवधिमा कुनै समय थकाली भाषामा भएका थरहरूलाई नेपालीकरण गरियो होला भन्ने अनुमान हो (भट्टचन खुनारा, २०७० पृ ५३-५४) । वि.सं. १९६७ सालको केही वर्षपछि मात्र चन जोडिएको थर प्रचलनमा आएको कुरा स्वतः सिद्ध हुन्छ (क्षेत्री, २०४४ पृ ३३०) । थकालीहरूको प्राचीन धर्म बोन धर्म भएतापनि पछि बौद्ध धर्म मान्न थाले । हाल आएर हिन्दू धर्मको प्रभाव परेको पाइन्छ । यसर्थ थकालीहरूले बोन, बौद्ध र हिन्दू तीन किसिमको धर्म मान्दछन् भन्न सकिन्छ ।

**५.निष्कर्ष :**

थाक खोला क्षेत्र काग बाह्र गाउँको दक्षिणी सीमा पंथेक्यु र लुब्राङको दक्षिण लेते र घाँससम्मको पूरै क्षेत्र हो । शेरिव र थाक इलाकाको मुख्य शासन केन्द्र ठिनी सुरक्षित र सामरिक किल्लाको रूपमा रहेको थियो । ठिनीको राज्यलाई व्यवस्थित बनाउने काम थिङ शासकले गरेकाले उनको वंशको नामबाट ठिनी नाम राखिएको थियो । पुराना लिखत र सरकारी आदेशहरूमा थाक र बाह्रगाउँ इलाकालाई थाग-सुम र काग-मुवा जोङ वा मुवाकोट भनिन्थ्यो । थकाली जातिको पौराणिक ग्रन्थ ह्रव हो । यो ग्रन्थ बाह्र वर्षे मेला (ल्हफेव) मा मात्र थकाली जातिका चार पाँडेहरूले वाचन गर्दछन् । ह्रवमा उल्लेख भए अनुसार श्रद्धेय पूर्खाहरू पश्चिमबाट पूर्वतर्फ आउने क्रममा च्योकीले दोहोरा धार भएको तरवार, साल्कीले बन्चरो र थेवे, ट्हिम्चनले टुकटुके घन र फ्हुर्कीले कुटो र सबैले धनुषवाण लिएर आएका थिए । सबै पूर्खाले हावा, पानी, माटो र ढुङ्गा परीक्षण गर्दै फ्होचोमा आउने क्रममा कालापानीको पानी अन्य क्षेत्रको पानीको तौलभन्दा गह्रौं महशुस गरेका थिए । उनीहरूले आ–आफ्ना अस्त्र पानीमा डुवाउँदा पुर्खा सम्लिढेन सम्लिचाङको अस्त्र नम्च्यातरीलाई पानीले आकर्षण गरचो । तत्पश्चात पुर्खा सम्लिढेन सम्लिचाङको समूहले फ्होचोमा बस्ने निर्णय गरचो । एवम् प्रकारले पुर्खा अनिऐरम्को समूह नर्खुङ सोम्पिस, पुर्खा ढाक्पा घेल्चनको समूह सलम व्यासी (कोवाङ) र पुर्खा पाउकुतीको समूह खन्ती नरसाङमा बसे । यसै इलाकाको प्रसिद्ध थाक नामबाट यस क्षेत्रमा बसोवास गर्ने मानव समुदायको नाम थकाली रहन गएको हो ।

प्राचीन समयमा थाक खोला क्षेत्रमा दुईथरी थकाली थिए । राजा पुन्डेका नामबाट मार्फा थकालीको इलाकालाई पुन्डी र जनतालाई समेत पुन्ड्याल, पुन्याल तथा पुन्तनको नामले सम्बोधन गर्ने परम्परा चलेको थियो । मार्फाको ताम्रपत्रसहित अनेक पुराना लेखोटमा पुङ्ठी, थाग्सी वा पुन्तन थकाली भनेर स्पष्ट उल्लेख गरिएको छ । थकाली भन्ने परम्परा पर्वते मल्ल राजाको पालादेखि अर्थात लगभग ३०० वर्ष अघिदेखि नै चलेको हो । पुन्ड्याल थकालीको पहिलेको मूल थलो भएको ठाउँलाई पुन्डिग्युङ भनिन्छ । यस राजकूलमा जन्मेका सन्ततिलाई पुन्तन फोवेका नामले आजसम्म चिनिदै आएको छ । यिनैका सन्ततिलाई आज स्थानीय वासीले सली राजवंशका खानदानका रूपमा रहेको स्वीकार गरी हिराचन अन्तर्गतका प्याफोवे परिवारका रूपमा चित्रण गरेका छन् । विगत १० पुस्तादेखिका राजा र रानीका नाम र उनका चेली र ज्वाइँ समेतका नाम समेटिएका लिखत समेत अनुसन्धानका क्रममा फेला परेका छन् । यस म्हरफग-पुन्तन वा पुन्डी थकाली समुदायमा हिजो आज हिराचन , पन्नाचन, जुहारचन र लालचनलाई नामले चिनिने चार थरी थकाली छन् । खासगरी पहिलेदेखि नै मुस्ताङ जिल्लाको थाक खोला क्षेत्रको टुकुचे र सोभन्दा तल लेते र घाँससम्मको क्षेत्रमा बसोवास गर्ने जातिलाई ढिमचन (शेरचन), च्योकी (गौचन), साल्की (तुलाचन) र फ्हुर्की (भट्टचन) गरी परिचित गराउने प्रचलन रहेको छ । पछिल्लो समयमा थाक खोलामा विभिन्न कामको

सिलसिलामा आएका गैर थकालीहरूले समेत थासाङ थकाली भन्न शुरु गरेपछि यो विषय थप अनुसन्धेय बनेको हो ।

## सन्दर्भ सामग्री


गुरुङ, हर्क (२००९), मैले देखेको नेपाल, ललितपुर, हिमाल किताब ।

गौचन, तेजप्रसाद (२०४९) थकाली संस्कृति, खाङ्लो, काठमाण्डौ, थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

तुलाचन, इन्द्रबहादुर (२०४९) थाकखोला एक परिचय, खाङ्लो, काठमाण्डौ, थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

तुलाचन, नरेशकुमार (२०७३) थाकखोला र थकाली, थासाङ, काठमाण्डौ, थकाली अनुसन्धान केन्द्र ।

तुलाचन पूर्णप्रसाद (२०७३) चार ईष्ट देवी देवताको गाथा तथा मेरो संकल्प, पोखरा, पूर्णप्रसाद शैक्षिक अक्षय कोष ।

पाण्डेय, मधुसूदन (२०६१) नेपालका जनजातिहरू , काठमाण्डौ, पैरवी प्रकाशन ।

पोखेल, बालकृष्ण (२०५५) नेपाली बृहत् शब्दकोश, काठमाण्डौंः ने.रा.प्र.प्र.पुर्नमुद्रण काठमाण्डौं ।

पोखरेल, माधवप्रसाद (२०६२) थकाली भाषाको सामान्य परिचय, थासाङ, काठमाण्डौ, थकाली अनुसन्धान केन्द्र ।

प्रभात, विष्णु (२०७०), नेपाली साहित्यमा थकाली स्रष्टाको योगदान, खाङ्लो, काठमाण्डौ, थकाली सेवा समिति नेपाल ।

बन्धु, चूडामणि (२०४९), मातृभाषा र जातीय भाषाका सन्दर्भमा थकाली भाषा, खाङ्लो, काठमाण्डौ, थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

भट्टचन, खुनारा ज्योति (२०७०) थकाली पुर्ख्यौली भूमि, थासाङ : नक्साङ्कन तथा वर्तमान सीमा विवादको ऐतिहासिक अध्ययन, काठमाण्डौ, थकाली सेवा समिति नेपाल ।

भट्टचन, छन (२०७८) थकाली जातिको चिनारी, सानेपा ललितपुर, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

भट्टचन, ज्योति (२०४९) थकाली जातिको अमूल्य सांस्कृतिक धरोहर खाङ्लो र महालक्ष्मी देवी एक विश्लेषण, काठमाण्डौ, थकाली सेवा समिति नेपाल ।

भट्टचन, वसन्त (२०४९),हंसराजा, खाङ्लो, काठमाण्डौ, थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

भट्टचन, योगेन्द्रमान (२०७२), हंसराजा किंवदन्ती राजा, खाङ्लो, काठमाण्डौ, थकाली सेवा समिति केन्द्रीय कार्यालय ।

विष्ट, डोरबहादुर (२०७४), सबै जातको फूलबारी, काठमाण्डौ, साझा प्रकाशन ।

शेरचन, लोकेन्द्रमान (२०७३), भाषा र सांस्कृतिक कुरा धेरै काम थोरै, थासाङ, काठमाण्डौ, थकाली अनुसन्धान केन्द्र ।

शेरचन, वसन्त (२०७३), थकाली जातिको समग्र पक्ष : एक चिनारी, धौलाश्री युगवाणी, मुस्ताङ, भूपि स्मृति पुस्तकालय ।

शेरचन, सुशिला (२०७३), थकाली संस्कार र यसको कार्यान्वयनमा उठेका सवालहरू, थासाङ, काठमाण्डौ, थकाली अनुसन्धान केन्द्र ।

सूचना विभाग (२०३१), मेचीदेखि महाकाली (भाग-३), पश्चिमाञ्चल विकास क्षेत्र, काठमाण्डौ, श्री ५ को सरकार संचार मन्त्रालय ।

क्षेत्र, नारायणप्रसाद (२०४४), मुस्ताङ दिग्दर्शन, काठमाण्डौ, साझा प्रकाशन ।